# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मिति: २०८२।१०।२७ गते।

# प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

गोदावरी नगरपालिका, ललितपुरका करार इन्जिनियर पदमा कार्यरत सुबास बिष्टले पदीय मर्यादा विपरीतका कार्यहरू गरी गैरकानुनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको भन्नेसमेत व्यहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निज प्रतिवादी सुबास बिष्टले गोदावरी नगरपालिका, ललितपुरमा करार इन्जिनियर पदमा सुरू नियुक्ति मिति २०७६।११।०१ गतेदेखि निजले यस आयोगमा उपस्थित भई सम्पत्ति बिवरण फाराम बुझेको मिति २०८१/०४/१४ गतेसम्मको अवधिलाई जाँच अवधि कायम गरी निज र निजको एकाघर परिवार/संगोलमा रहेको व्यक्तिहरूले उपरोक्त अवधिमा विभिन्न आयका श्रोतहरूबाट **कानुनी रूपमा आर्जन गरेका (Lawfully obtained)** आयहरूलाई आयका रूपमा र सोही अवधिमा निजहरूले विभिन्न शीर्षकहरूमा गरेको **प्रमाणित (Verified)** खर्चहरूलाई व्ययका रूपमा गणना गर्दा निज प्रतिवादी सुवास बिष्टले जाँच अवधिमा वैधानिक आय आर्जनको स्रोतहरूमा निजको सार्वजनिक सेवा प्रवेश पूर्वको एकासगोल परिवारको बैंक तथा वित्तीय संस्थाहरूमा रहेको मौज्दात, निजको पारिश्रमिक, भत्ताको बचत रकम, श्रीमतीको तलब वचत रकम, ऋण सापटी रकम र शेयर बिक्रीबाट प्राप्त रकम गरी जम्मा **रू.१,२७,७४,६७३/२९ (एक करोड सत्ताइस लाख चौहत्तर हजार छ सय त्रिहत्तर रूपैंयाँ उनन्तीस पैसा)** आय आर्जन गरेको, त्यसैगरी, सोही जाँच अवधिमा व्ययतर्फ जग्गा खरिद, घर निर्माण, शेयर खरिद भएको खर्च, निजको छोराको अध्ययन खर्च, बैंक तथा वित्तीय संस्था एवं सहकारीबाट लिएको ऋण सापटीको साँवा र व्याज, विभिन्न कम्पनीमा पुँजी लगानी, बिमा प्रिमियम भुक्तानी वापत र निज तथा एकासगोल परिवारका सदस्यहरूको नाममा बैंक तथा वित्तीय संस्थाहरूको खातामा भएको मौज्दात रकमसमेत गरी कूल **रू.३,२४,८४,८३०/९२ (तीन करोड चौबीस लाख चौरासी हजार आठ सय तीस रूपैंयाँ बयानब्बे पैसा)** व्यय (खर्च तथा लगानी समेत) गरेको देखिएकोले निज प्रतिवादी सुवास बिष्टको जाँच अवधिको कूल/समग्र आयबाट सोही जाँच अवधिको कूल व्यय (खर्च तथा लगानी समेत) घटाउँदा **रू.१,९७,१०,१५७/६३ (एक करोड सन्तानब्बे लाख दश हजार एक सय सन्ताउन्न रूपैंया त्रिसठ्ठी पैसा)** ले कूल बैधानिक आयभन्दा कूल व्यय आधिक हुन गएको हुँदा निजले आर्जन गरेको सम्पत्ति (खर्च तथा लगानी समेत) को स्रोत पुष्टि भएको नदेखिएकोबाट निज राष्ट्रसेवक प्रतिवादी सुबास बिष्टले उक्त रकम बराबरको गैरकानुनी सम्पत्ति आर्जन गरेको तथ्य निजले प्रचलित कानुनबमोजिम पेस गरेको सम्पत्ति विवरणसँग अमिल्दो तथा अस्वाभाविक देखिन आएकोले निज र निजको परिवारका सदस्यले मनासिव कारण बिना वैधानिक आयको तुलनामा अमिल्दो र अस्वाभाविक उच्च जीवनस्तर यापन गरेको स्थापित भएको तथा निजले सार्वजनिक सेवाको पदमा रहँदाका बखत अख्तियारको दुरूपयोग गरी गैरकानुनी रूपमा आर्जन गरेको सम्पत्तिहरू बुबाको नाममा रहेको देखिंदा निज सुबास बिष्ट र निजको बुबा सुदर्शन बिष्ट उपर देहायको कसुरमा देहायबमोजिमको सजाय हुन मागदाबी लिई आज बिशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**<u>देहाय</u>**

| सि.नं | नामथर, पद र कार्यालय | बिगो रू. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | गोदावरी नगरपालिका, ललितपुरका करार इन्जिनियर पदमा कार्यरत **सुवास बिष्ट** | **रू.१,९७,१०,१५७/६३** | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) मा परिभाषित एवं निषेधित गरिएबमोजिमको कसुर गरेको पुष्टि भएको हुँदा बिगो रू. एक करोड सन्तानब्बे लाख दश हजार एक सय सन्ताउन्न रूपैयाँ त्रिसठ्ठी पैसा कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) तथा भष्टाचार निवारण ऐन २०५९ (संशोधन सहित) को दफा २० को उपदफा (२) बमोजिम कैद र बिगोबमोजिम जरिवाना हुनका साथै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२), सोही ऐनको दफा ४७ तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख बमोजिम गैरकानूनी रूपमा आर्जन गरेको रू. एक करोड सन्तानब्बे लाख दश हजार एक सय सन्ताउन्न रूपैयाँ त्रिसठ्ठी पैसा मूल्य बराबरको सम्पत्ति जफत हुन तथा पेस गरेको सम्पत्ति विवरणमा वास्तविक सम्पत्ति भन्दा बढाई र भए रहेको सम्पत्ति लुकाई छिपाई झुट्टा विवरण पेस गरेको पुष्टि भएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (२) बमोजिमको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (२) बमोजिम कैद र जरिवाना गरी लुकाई छिपाई राखिएको बिगो सम्पत्ति जफत हुनसमेत मागदाबी लिइएको छ। |
| २. | प्रतिवादी सुबास बिष्टको बुबा **सुदर्शन बिष्ट** | - | प्रतिवादी सुबास बिष्टले सार्वजनिक सेवाको पदमा रहँदाका बखत अख्तियारको दुरूपयोग गरी भ्रष्टाचार जन्य कार्य कसुर गरी गैरकानूनी रूपमा आर्जन गरेको सम्पत्ति निजको एकाघरका बुबा सुदर्शन बिष्टले समेत प्रयोग प्रचलन गरेको देखिंदा एकासगोलमा रहेका निजको बुबा सुदर्शन बिष्टको नाममा रहेको सम्पत्ति भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२), ऐ. ऐनको दफा ४७, अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख. समेतका प्रचलित कानुन बमोजिम जफत गर्ने प्रयोजनार्थ मात्र निज सुदर्शन बिष्टलाई प्रतिवादी कायम गरिएको छ। |

प्रवक्ता
सुरेश न्यौपाने